४६.उपभोक्ता समितिले गर्ने कार्यमा रहेको संस्थागत र मिलोमतोमा हुने गरेको भ्रष्टाचारलाई न्यूनीकरण र नियन्त्रण गर्दै कडाईकासाथ कानूनी दायरामा ल्याइनेछ ।

४७. वडास्तरका पदाधिकारी र कर्मचारीहरुको कार्यक्षमता अभिवृद्धि गर्न जनप्रतिनिधि, कर्मचारीहरु संग समन्वय गरी आवश्यकताको आधारमा नीति तथा कार्यक्रम ल्याईने छ ।

४८.यस गा.पा.मा कार्यरत गै.स.स. हरुको नियमन अनुगमन गरी कार्यक्षमताको आधारमा प्रोत्साहन गरिने छ ।

४९.सरोकारवालाहरुको गुनासो सुनुवाई र समाधानकोलागि **"हेलो भागेश्वर "** कार्यक्रम सञ्चालनमा ल्याइने छ । यस कार्यक्रमको प्रभावकारीता र निरन्तरताकालागि थप आवश्यक व्यवस्था मिलाइनेछ ।

**सभाध्यक्ष महोदय,**

**अन्त्यमा,**

भागेश्वर गाउंपालिकाको उल्लेखित नीति कार्यक्रमको परिधिभित्र रही आगामी आर्थिक वर्ष २०७५।०७६ को लागि सीमित स्रोत र साधनका बाबजुद भागेश्वर गाउपालिका सरकारले अधिकतम प्रतिफल हासिल हुने गरी बजेट तथा कार्यक्रम पेश गर्ने व्यहोरा यस वैठकमा जानकारी गराउँदछु ।

स्थानीय गाउपालिका सरकार संरचना खडा गर्ने चालु आ.ब. २०७५।०७६ को वजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने एवं भागेश्वर गाउंपालिकाको आ.व. २०७५।०७६ नीति तथा कार्यक्रम तर्जुमा गर्ने चरणमा सहयोग पुर्याउने नेपाल सरकार, राजनीतिक दल र राजनीतिकर्मी, कार्यपालिका सदस्य, गाउंसभाका सदस्य एवं स्थानीय वृद्धिजीवि, राष्ट्रसेवक कर्मचारीहरु, विज्ञ समुदाय, सञ्चार जगत, नागरिक समाज, निजी क्षेत्र, गैरसरकारी संघसंस्थाहरु र भागेश्वर गा.पा.का आम नागरिकहरु प्रति हार्दिक आभार प्रकट गर्दछु ।

यस भागेश्वर गाउंपालिकाको नीति तथा कार्यक्रम कार्यान्वयनको चरणमा सम्वद्ध सबै पक्षबाट सकारात्मक सहयोगको अपेक्षा राखेको छु ।

**धन्यवाद ।**